# कर छूट हुने संस्था र रकमहरु

**१. कस्ता संस्थाहरुलाई कर छूट हुन्छ ?**

**देहाय बमोजिमका संस्थाहरुलाई कर छूट हुन्छ ।**

**क)** आन्तरिक राजस्व बिभागबाट कर छुट पाउने संस्थाको प्रमाण पत्र पाएका नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक, परोपकारी संस्था, सदस्यहरुले लाभ नलिने गरी सामाजिक वा खेलकुद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएका अव्यवसायी खेलकुद संस्था ।

**ख)** आयकर ऐन, २०५८ ले आयकर छुट हुने संस्थाका रुपमा परिभाषित गरेका निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल तथा स्थानीय निकायहरु ।

**२. कर छूट हुने संस्थाको जुन सुकै आयमा पनि कर छूट हुन्छ ?**

कर छुट हुने संस्थाको कर नलाग्ने आय जस्तै संस्थाको उद्देश्यमा सहयोग पुऱ्याउन प्राप्त गर्ने चन्दा, उपहार, अनुदान, सदस्यता शुल्क वा सरकारी/गैर सरकारी (स्वदेशी वा विदेशी) संस्थाबाट प्राप्त सहयोग रकममा मात्र कर छुट हुन्छ । तर अरु व्यवसाय वा लगानी गर्ने करदाता झैं व्यवसाय वा लगानी गरेमा (जस्तै ब्याज वा घर भाडा आर्जन गरेमा) सोमा कर लाग्दछ ।

**३. कर छूट हुने संस्थाले प्राप्त गर्ने कुन कुन रकममा कर छूट हुन्छ ?**

कर छुट हुने संस्थाले प्राप्त गर्ने कर नलाग्ने रकम जस्तै संस्थाको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन लिइएको चन्दा, उपहार, अनुदान, आर्थिक सहायता, सदस्यता शुल्क वा सरकारी तथा गैरसरकारी (स्वदेशी वा विदेशी) संस्थाबाट प्राप्त सहयोग रकममा कर छुट हुन्छ ।

**४. कर छूट हुने प्रमाण पाउन कुनै संस्थाले के के गर्नु पर्दछ ? यस्तो आवेदन पत्रमा कुन कुन विवरण खुलाउनु पर्दछ ? के के कागजातहरु पेश गर्नु पर्दछ ?**

कर छूट हुने प्रमाण पाउन सम्बन्धित इच्छुक संस्थाले कर छूटको लागि आन्तरिक राजस्व विभाग अन्तर्गत रहेका कार्यालयहरुमा निवदेन दिनु पर्दछ । यस्तो निवेदनमा इच्छुक निकाय, संघ वा संस्थाको नाम, **PAN,** सम्बन्धित निकायमा दर्ता भएको दर्ता नम्बर, ठेगाना, उद्देश्य, कृयाकलाप संचालन गर्ने स्थान, संस्थाको अध्यक्ष वा मुख्य व्यक्तिको नाम, पद, ठेगाना, संस्थाको आयश्रोत सम्बन्धी विवरण बारे उल्लेख गर्नु पर्दछ । कर छुट हुने प्रमाण पाउन इच्छुक संस्थाले निवेदनका साथ (क) संस्थाको गठन सम्बन्धी विधान, (ख) अन्य कुनै निकायबाट स्वीकृति लिनु पर्ने भए स्विकृती भएको प्रमाणपत्रको प्रतिलिपि, (ग) **PAN** को प्रमाणपत्रको प्रतिलिपि र (घ) लेखा परीक्षणको प्रतिवेदन भए सोको प्रतिलिपि पेश गर्नु पर्दछ ।

**५. कर छूट पाउने संस्थाले के आन्तरिक राजस्व विभागमा दर्ता हुनु पर्दछ ? यस्तो दर्ता प्रमाणपत्र के वर्सेनि नविकरण गर्नु पर्दछ ?**

कर छुट पाउने संस्थाले आन्तरिक राजस्वविभाग अन्तर्गत रहेका कार्यालयहरुबाट स्थायी लेखा नम्बर लिनु पर्दछ । दर्ता प्रमाणपत्रको वर्षेनि आय वर्ष समाप्त भएको मितिले तीन महिना भित्र नविकरण गराउनु पर्दछ । संस्थाको वित्तीय विवरणहरु वार्षिक रुपमा दाखिला गर्नुपर्दछ । साथै

अग्रिम कर कट्टी गरेको विवरण र कर रकम समयमा दाखिला गर्नु पर्दछ । आयकर लाग्ने कारोवार गरेको भए आय विवरण र कर रकम पनि ३ महिना भित्र दाखिला गर्नु पर्दछ ।

**६. कर छूट पाउन दिइने निवेदनसाथ कति दस्तुर बुझाउनु पर्दछ ?**

कर छूट पाउने निवेदन साथ कुनै दस्तुर बुझाउनु पर्दैन ।

**७. कर छूट पाउने संस्थाले के वर्षेनी आय विवरण पेश गर्नु पर्दछ ?**

कर छुट पाउने संस्थाले अनिवार्य रुपमा लेखा परीक्षण गराई वित्तीय विवरणहरु वार्षिक रुपमा असोज मसान्त भित्र दाखिला गर्नु पर्दछ । उक्त समयमा दाखिला नगरेमा आयमा देखाएको रकमको प्रति वर्ष शुन्य दशमलव एक प्रतिशतको दरले हुने रकम वा एक सय रुपैया प्रति महिनाका दरले हुने रकम मध्ये जुन वढी हुन्छ सो रकम शुल्क लाग्नेछ । तर त्यस्ता संस्थाले कर छुट हुने आयका अतिरिक्त अन्य कर लाग्ने आय आर्जन गरेको भए तोकिएको समयमा किस्ताबन्दीको विवरण, वार्षिक आय विवरण र कर दाखिला गर्नु पर्दछ ।

**८. कर छूट पाउने संस्थाले वर्षेनी वित्तिय विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्दछ ? के यो सत्य हो ?**

कर छुट पाउने संस्थाले आय वर्ष समाप्त भएको मितिले ३ महिना भित्र वित्तिय विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्दछ । यो कुरा सत्य हो ।

**९. कर छूट पाउने संस्थाले पारिश्रमिक, घर वहाल लगायत भुक्तानीमा अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्दछ ?**

कर छुट पाउने संस्थाले **PAN** मा दर्ता भई (**PAN** लिई) आफूले अग्रिम कर कट्टी गर्नुपर्ने सबै भुक्तानीहरुबाट (जस्तै पारिश्रमिक, घर बहाल, ठेक्का/करार वा सेवाको भुक्तानी) आयकर ऐनले ताके अनुसारका दरले भुक्तानीका बखत वा खर्च लेख्दा अग्रिम कर कट्टी गरी सोको विवरण तथा कर रकम प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा दाखिला गर्नु पर्दछ । समयमा अग्रिम कर कट्टी गरी रकम दाखिला नगरेमा शुल्क तथा व्याज लाग्छ ।

**१०. कर छूट पाउने संस्थाले PAN लिनु पर्दछ कि पर्दैन ?**

कर छुट पाउने संस्थाले यस्तो छुट पाउन निवेदन दिनु अगावै स्थायी लेखा नम्बर **(PAN)** लिई सक्नु पर्दछ ।

**११. कर छूट पाउने संस्थाले प्रतिस्पर्धा गरी व्यावसायिक कारोवारको ठेक्का लिनु हुन्छ कि हुदैन ?**

कर छूट पाउने संस्थाले प्रतिस्पर्धा गरी वा नगरी कुनै व्यावसायिक कारोवार (जस्तै ठेक्का, सेवा करार) गर्न सक्दछ तर यस्तो कारोवार कर लाग्ने कारोवार भएकोले यी कारोवारबाट प्राप्त आय/रकममा करछुटको प्रमाणपत्र लिएको भएता पनि आयकर ऐन अनुसार कर तिर्नु पर्दछ ।

**१२. कर छुट संस्थाको रुपमा स्वीकृति लिन कहाँ सम्पर्क गर्नुपर्छ ?**

कर छुट संस्थाको रुपमा स्वीकृति लिन आफूले स्थायी लेखा नम्वर लिएको आन्तरिक राजस्व विभाग मातहतको कार्यालयहरुमा सम्पर्क राख्नु पर्दछ ।

**१३. कर छुट पाउने संस्थाको प्रमाण पाउन कसले निवेदन दिनुपर्दछ ?**

कर छुट पाउन संस्थाको प्रमुखले वा संस्थाको अधिकृत प्रतिनिधिले निवेदन दिनु पर्दछ ।

**१४. घरमै वसेर कम्प्यूटरबाट कर छुट पाउने संस्थाको प्रमाण लिन पाउने सुविधा छ, छैन ?**

कर छुट पाउने संस्थाको लागि आवश्यक निवेदनको ढाँचा इन्टरनेटबाट विभागको वेबसाईट **www.ird.gov.np** बाट प्राप्त गर्न सकिन्छ तर निवेदन आफूले स्थायी लेखा नम्वर लिएको आन्तरिक राजस्व विभाग मातहतको कार्यालयहरुमा पेश गर्नु पर्दछ ।

**१५. कर छुटको बारेमा थप जानकारी लिनु परेमा कहाँ कसलाई सम्पर्क गर्नुपर्छ ?**

कर छुट लिन चाहने संस्थाले थप जानकारी लिन चाहेमा आ.रा.वि. वा आ.रा.का. वा करदाता सेवा कार्यालयको करदाता सेवा शाखा वा कार्यालयहरुको हेल्प डेस्कहरुमा सम्पर्क राख्नु पर्दछ ।

**१६. कर छुट पाउने संस्थाले प्रत्येक आय वर्षमा कर छुट प्रमाणपत्र नवीकरण गर्नु पर्छ, पर्दैन ?**

कर छुटको प्रमाणपत्र प्राप्त गरेको छुट पाउने संस्थाले आय वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र त्यस्तो प्रमाणपत्र नवीकरण गराउनु पर्दछ । यस्तो प्रमाणपत्र नवीकरण गर्न विभागले तोकेको ढांचामा निवेदन साथ अघिल्लो आय वर्षको लेखा परीक्षण भएको वित्तिय विवरण र अग्रिम कर कट्टी गरी दाखिला गरेको विवरण दिनु पर्दछ  र कर अधिकृतले छानविन गर्दा कर छुट पाउने देखिएमा त्यस्तो प्रमाणपत्र नविकरण हुन्छ ।